nepalpostdaily .com

# नेपाल पोष्ट डेली
दैनिक

19°C । वर्ष :११, अंक : १३२ पृष्ठ ४ । बिहीबार ०१ माघ २०८२ । THURSDAY, JANUARY 15, 2026 .nepalpostdaily .com । मुल्य ५ रुपैंया

## वीरगन्जका व्यापारीको पीडा: माघे सङ्क्रान्ति नजिकिँदै गर्दा पनि बजार सुनसान



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,३० पुस ।**

माघे सङ्क्रान्ति नजिकिँदै गर्दा चाडपर्वको रौनक देखिनुपर्ने वीरगञ्जको मुख्य बजार क्षेत्रहरू अस्वाभाविक रूपमा सुनसान देखिएका छन् । भारतको सीमावर्ती शहर रक्सौलसँग प्रत्यक्ष रूपमा जोडिएको भौगोलिक अवस्थाका कारण अधिकांश उपभोक्ता किनमेलका लागि रक्सौलतर्फ आकर्षित हुँदा यहाँका स्थानीय व्यापारीहरू गम्भीर संकटमा परेका छन् । चाडपर्वको समयमा व्यापार फस्टाउने आशामा पसलहरू सजाएर बसेका व्यापारीहरू ग्राहकको अभावले निराश बनेका छन् । वीरगञ्जका घण्टाघर, माइस्थान, आदर्शनगर, छपकैया तथा प्रतिमा चोक आसपासका बजार क्षेत्रमा अपेक्षित चहलपहल नदेखिँदा व्यापारिक गतिविधि सुस्त बनेको छ । स्थानीय व्यापारीहरूका अनुसार रक्सौलमा समान सामान सस्तो मूल्यमा पाइने, विविध विकल्प उपलब्ध हुने र कर तथा भन्सार प्रक्रियामा कडाइ नहुँदा उपभोक्ताहरू सीमापारि नै किनमेल गर्न रुचाउने गरेका छन् । यसले गर्दा वीरगञ्जका पसलहरूमा बिक्री उल्लेख्य रूपमा घटेको व्यापारीहरूको भनाइ छ ।

एक व्यापारीले भने, "माघे सङ्क्रान्ति जस्तो ठूलो चाडमा पनि पसल खाली छ । भाडा, कर र अन्य खर्च तिर्नै गाह्रो भएको छ, तर ग्राहक भने सीमापारि गइसकेका छन् ।" व्यापारीहरूले सीमा व्यवस्थापनलाई प्रभावकारी बनाउन, अवैध रूपमा सामान ओसारपसार नियन्त्रण गर्न तथा स्थानीय बजार प्रवर्द्धनका लागि सरकार र सम्बन्धित निकायले विशेष पहल गर्नुपर्ने माग गरेका छन् । साथै, स्थानीय उत्पादन र व्यवसायलाई संरक्षण गर्ने दीर्घकालीन नीति नल्याइएमा वीरगञ्जको परम्परागत व्यापार थप संकटमा पर्ने उनीहरूको चेतावनी छ ।

## गगन-विश्व र मन्सुरलाई कारबाही गर्ने निर्णय खारेज



**बीरगन्ज,३० पुस ।**

नेपाली कांग्रेसको विशेष महाधिवेशनले पदाधिकारीलाई कारबाही गर्ने पार्टी केन्द्रीय समितिको निर्णय खारेज गरेको छ । बुधबार भृकुटीमण्डपमा विशेष महाधिवेशनको बन्दसत्रको हलले महामन्त्रीद्वय गगनकुमार थापा, विश्वप्रकाश शर्मा र सहमहामन्त्री फर्मुल्लाह मन्सुरलाई साधारण सदस्यसमेत नरहने गरी कारबाही गर्ने निर्णय खारेज गरेको हो ।कारबाहीको निर्णय भएपछि बन्दसत्रलाई सम्बोधन गर्दै महामन्त्री थापाले आफूहरुलाई निष्कासन गर्ने कांग्रेस पार्टी कसैको निजी कार्यालय नभएको बताए । उनले कहिदिनअघि विशेष महाधिवेशन सुरु हुँदै सभापति शेरबहादुर देउवा नेतृत्वको कार्यसमिति भङ्ग भइसकेको र यसको जानकारी निर्वाचन आयोगमा जानकारी गराइसकेको बताए । उनले कांग्रेस पार्टी आफूहरूको भएकाले कसैले यसमा दावी गर्न नसक्ने स्पष्ट पारे । पार्टीको विधान अनुसार नै आफूहरू चलिरहेको भन्दै कारबाहीको निर्णयका कारण विचलित नहुन नेता तथा कार्यकर्तालाई आग्रह गरे । त्यस्तै कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले पार्टी नेतृत्वलाई आफूलाई लागेको निर्णय गरेपनि पार्टीलाई अघि बढाउने काम अब विशेष महाधिवेशनको हलले गर्ने बताए । उनले विशेष महाधिवेशनले बनाउने कार्यसमितिलाई निर्वाचन आयोगमा लिएर जाने उल्लेख गरे । कांग्रेसका नेता फरमुल्लाह मन्सुरले विशेष महाधिवेशनको निर्णयलाई कसैले रोक्न नसक्ने बताए ।

## फल्स बटम बनाएर गाँजा ओसारपसार बारामा २०३ केजीसहित चालक पक्राउ



**बीरगन्ज,३० पुस ।**

बाराको जितपुर सिमरा उपमहानगरपालिकामा प्रहरीले लागुऔषध गाँजा ठूलो परिमाणमा नियन्त्रणमा लिएको छ । मनहरीबाट कलैयातर्फ गइरहेको पिकअप भ्यान जाँच गर्दा लुकाइछिपाइ ल्याइएको २०३ केजीभन्दा बढी गाँजा बरामद भएको हो । जिल्ला प्रहरी कार्यालय बाराका अनुसार जितपुर सिमरा उपमहानगरपालिका-१८ बडवा क्षेत्र अन्तर्गत पिलुवा-कलैया भित्री सडक खण्डमा शङ्कास्पद गतिविधि देखिएपछि बीए सी २३४३ नम्बरको नेपाली योद्धा पिकअप भ्यान रोकी जाँच गरिएको थियो । जाँचका क्रममा गाडीको पछिल्लो भागमा विशेष रूपमा फल्स बटम बनाई २० पोका गाँजा लुकाइराखिएको फेला परेको प्रहरीले जनाएको छ । बरामद गरिएको गाँजाको तौल २०३ केजी ८५० ग्राम रहेको छ । प्रहरीले पिकअप चालक मकवानपुर जिल्लाको मनहरी गाउँपालिका-६ का २४ वर्षीय निशान बहादुर सुनचुरीलाई नियन्त्रणमा लिएको छ । पक्राउ परेका उनलाई थप अनुसन्धान र कानुनी प्रक्रियाका लागि मंगलबार दिउँसो करिब १२:२५ बजे इलाका प्रहरी कार्यालय सिमरा पठाइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । प्रहरीका अनुसार प्रयोग गरिएको पिकअप गाडी हाल प्रहरी चौकी जैतापुरको नियन्त्रणमा राखिएको छ भने घटनाबारे थप अनुसन्धान जारी रहेको छ ।

## तोकिएकै मितिमा चुनाव गराउनु सरकारको मुख्य दायित्व : गृहमन्त्री




**जनकपुर,३० पुस ।**

गृहमन्त्री ओमप्रकाश अर्यालले देशमा सुशासन कायम गर्दै तोकिएकै मितिमा निर्वाचन सम्पन्न गर्नु सकारको मुख्य दायित्व रहेको बताएका छन् ।जनकपुरधाममा बुधबार आयोजित प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा उनले यस्तो बताएका हुन् । गृहमन्त्री अर्यालले यो नागरिक सरकार २३ र २४ भदौको घटना पश्चात् देशमा अभिभावकीय भूमिका नरहेको अवस्थामा वर्तमान सरकार निर्माण भएको र जेनजी पुस्ता र तत्कालीन दलीय सहमतिमै अहिलेको प्रधानमन्त्रीको नेतृत्वमा सरकार गठन भएको बताए । उनले भने, ' यो नागरिक सरकार भएकैले पनि नागरिक र युवापुस्ताको जनभावना अनुरूप सहकार्य र समन्वयमा अघि बढिरहेको छ यसैले पनि यो सरकार निष्ठा र इमानदारिताबाट किञ्चित पछि हट्दैन ।' कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले आजको गोष्ठीले मधेश प्रदेशको समग्र सुरक्षा अवस्था र आगामी निर्वाचनका लागि तय गरिनु पर्ने सुरक्षा रणनीति र निर्वाचन सफल पार्न फलदायी हुने विश्वास व्यक्त गरे । मुख्यमन्त्री यादवले हालै तराईका केही क्षेत्रमा देखिन खोजेको धार्मिक साम्प्रदायिकता र जेनजी आदोलनपछि भएका भौतिक पूर्वाधारमा क्षति, लुटिएका हतियार र फरार कैदीबन्दी जस्ता सुरक्षा चुनौतीलाई गोष्ठीले सम्बोधन गरी समान धारणा बनाउने बताए ।
उनले प्रदेश प्रहरी समायोजन र संघीय प्रहरी ऐनको आवश्यकता औंल्याउँदै, प्रदेशको प्रहरी भएन भन्ने नकारात्मक भाष्य बन्दै गएको र सङ्घको प्रहरी प्रदेशको अर्थात् (हाम्रो) हुन नसकेको प्रति कटाक्ष गरे । मधेश प्रदेशका गृह, कानुन तथा सञ्चार मन्त्री फकिर महतोले प्रदेश प्रहरी ऐनको आवश्यकता औंल्याउँदै, प्रदेश प्रहरी समायोजनको कार्य अघि बढ्न नसक्दा प्रदेश संरचनामा नदेखिने रूपले सुरक्षा चुनौती थपिँदै गएको बताए ।

## उपेन्द्र र महन्थले निर्वाचन आयोगमा दिए पार्टीको विवरण अद्यावधिक गर्न निवेदन

**काठमाडौं,३० पुस ।**

जनता समाजवादी पार्टी (नेपाल)ले पार्टीको विवरण अद्यावधिकका लागि निर्वाचन आयोगमा निवेदन दिएका छन् । लोकतान्त्रिक समाजवादी पार्टी र जनता समाजवादी पार्टी एक भएका छन् । त्यसपछि जसपाले विवरण अद्यावधिकका लागि आयोगमा निवेदन दिएका हुन् । आयोगको कानुन तथा राजनीतिक दल व्यवस्थापन महाशाखाले निवेदन प्राप्त भएको जानकारी दिएको छ । गत आइतबार मात्रै जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र लोसपा अध्यक्ष महन्थ ठाकुरबीच एकीकरण सम्झौता भएको थियो । एकीकरणपछि पार्टीको नाम जसपा नेपाल नै राखिएको छ । पार्टीको चुनाव चिह्न छाता राखिएको छ । नवगठित पार्टीको संरक्षकमा महन्थ ठाकुर र अध्यक्षमा उपेन्द्र यादव रहेका छन् । दुई पार्टी एक भएपछि लोसपाले समानुपातिकतर्फ दिएको उम्मेदवारी फिर्ता लिएको छ । लोसपाका नेताहरूलाई उम्मेदवारी फिर्ता लिन लगाएर जसपाको समानुपातिक सूचीमा राखिएको छ ।

## उज्यालो नेपाल पार्टीले कोहिसंग पनि एकता गर्दैन, एक्लै अघि बढ्छ : कुलमान घिसिङ

**काठमाडौं,३० पुस ।**

उज्यालो नेपाल पार्टी (उनेपा)का अध्यक्ष कुलमान घिसिङले अन्य पार्टीसँग एकीकरण नगरी अगाडि बढिने बताएका छन् ।

सामाजिक सञ्जालमा आफू अध्यक्ष रहेको उज्यालो नेपाल पार्टी र आफ्नो नाम जोडेर अन्य पार्टीहरूसँग एकीकरण हुन लागेको भन्ने हल्ला फैलिएको भन्दै उनले त्यस्तो प्रचार भ्रामक र असत्य रहेको बताएका छन् ।उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'विशेषगरी नेपाली कम्युनिस्ट पार्टी लगायतसँग एकीकरण हुन लागेको भन्ने हल्ला पूर्ण रूपमा भ्रामक र असत्य हो ।'


भविष्यमा समेत आफ्नो पार्टी अनय कुनै पार्टीसँग एकीकरण नगरी अघि बढ्ने उनको भनाइ रहेको छ ।

उनले लेखेका छन्, ' उज्यालो नेपाल पार्टी कुनै पनि पार्टीसँग एकीकरण नगरी आफ्नै नीति, सिद्धान्त र कार्यक्रमका आधारमा स्वतन्त्र रूपमा अगाडि बढिरहेको र भविष्यमा पनि त्यसैगरी अघि बढ्ने स्पष्ट जानकारी गराउन चाहन्छु ।'

**नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्**

## एसबीआई बैंक लुटपाट प्रकरण : चार जना पक्राउ, १ करोड ८० लाखभन्दा बढी नगद बरामद





**बीरगन्ज,३० पुस ।**

सिन्धुलीको घ्याङलेख गाउँपालिका-२ बस्तीपुरस्थित नेपाल एसबीआई बैंकमा भएको मोठो लुटपाट प्रकरणमा संलग्न रहेको आशंकामा प्रहरीले चार जनालाई पक्राउ गरेको छ । मंगलबार राति घटेको घटनापछि परिचालन गरिएको प्रहरी टोलीले स्थानीयवासीको सहयोगमा घ्याङलेख-१ सुकाचुरी क्षेत्रबाट उनीहरूलाई नियन्त्रणमा लिएको हो । जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रमुख एसपी लालध्वज सुवेदीले पक्राउको पुष्टि गर्दै पक्राउ परेका व्यक्तिहरूको परिचय र विस्तृत विवरण संकलन भइरहेको बताए । "स्थानीयको सक्रिय सहयोग निर्णायक बन्यो । चार जनालाई नियन्त्रणमा लिएका छौं, थप सोधपुछ र अनुसन्धान चलिरहेको छ," उनले भने । प्रहरीका अनुसार पाँचदेखि छ जनाको नकाबधारी समूहले बैंकबाट झण्डै ३ करोड ११ लाख रुपैयाँ लुटेको थियो । खोजतलासका क्रममा प्रहरीले विभिन्न स्थानबाट १ करोड ८० लाखभन्दा बढी नगद बरामद गरेको छ । बाँकी करिब १ करोड ३० लाख रकम र फरार संदिग्धहरूको खोजी गर्न विशेष अपरेसन तीव्र बनाइएको प्रहरीले जानकारी दिएको छ। लुटपाटका क्रममा समूहले बैंकको

बाँकी तेस्रो पृष्ठमा⇨

## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सह-सम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

### साना विवादमै हुने हत्याले खोजेको उपचार

अपराधका घटनाबाट कुनै पनि समाज मुक्त छैन । विकसित र सभ्यताको उचाइमा पुगेको भनिएको समाजमा पनि अपराधका घटना घटिरहेको पढ्न र सुन्न पाइन्छ । यद्यपि, यस्ता घटनाका कारण, प्रकृति र दर भने समाजअनुसार फरक हुन सक्छ । हामीकहाँ सामान्य विवादमा पनि जघन्य हत्या हुन थालेको प्रहरीको अनुसन्धान र तथ्यांकले पुष्टि गर्छन् । यसले नेपाली समाजको मनोविज्ञानको भयावह पाटोलाई उजागर गर्छ । पहिलो, जस्ता कारणसहित हत्या भइरहेका छन्, त्यो आफैंमा चिन्ताजनक अवस्था हो । दोस्रो, जुन दरमा हत्या भएका छन्, त्यसले सम्बन्धित परिवार/समाजमा पर्ने भावनात्मक आघात र आर्थिक-सामाजिक हानि पनि विचारणीय पक्ष हो । हत्याका प्रकृति र दरले नेपाली समाजले राज्यको उपस्थितिलाई नयाँ भूमिकाका साथ खोजिरहेको प्रस्ट हुन्छ । साथै, समाजमा व्यक्ति-परिवार-समूहबीचको अन्तरघुलनलाई नयाँ ढंगले परिभाषित गर्न र सोहीअनुरूप विश्वसनीय र अन्तर्क्रियात्मक बनाउन आवश्यक रहेको सन्देश दिन्छ । प्रहरीको तथ्यांकअनुसार, आर्थिक वर्ष २०८२/८३ को चार महिनामै १७८ व्यक्तिको हत्या भइसकेको छ । अर्थात् औसतमा दुई दिनमा तीन जना जतिको हत्या भएको छ । त्यस्तै, २०८१/८२ मा ५२२, २०८०/८१ मा ६३८, २०७९/८० मा ५२२, २०७८/७९ मा ६८४ र २०७७/७८ मा ७०७ जनाको हत्या भएको थियो । यस्ता हत्यामा ठूलो कारण देखिँदैन । शनिबार बेपत्ता भई सोमबार मृत फेला परेका गर्जमान थापाको हत्या औंठी लुट्ने उद्देश्यले गरिएको खुलेको छ । शनिबार नै सिन्धुलीका विजय राईको हत्या भएको थियो, त्यसको कारण आगो ताप्ने क्रममा भएको विवादलाई कारण भनिएको छ । त्यस्तै, ५ सय रुपैयाँको विवादमा २३ कात्तिकको राति माया मगर भनिने आयुषाको हत्या भएको थियो । यी केही प्रतिनिधिमूलक घटना हुन्, जहाँ हत्या नै हुनु अनपेक्षित छ । त्यस्तै, मादक पदार्थ सेवन गरेका कारण विवाद बढेर हत्या भएको पनि घटना छन् । हत्याका सन्दर्भले देखाउँछन्- व्यक्तिगत असमझदारीमा मानिस अर्को हत्या गर्न अग्रसर भएका छन् । अर्को व्यक्तिको तर्क धैर्यतापूर्वक सुन्ने र आफ्नो तर्क पनि भद्रतापूर्वक राख्ने संयम मानिसबाट विच्छेद हुन थालेको छ । फरक व्यक्तिबीच फरक मान्यता र असमझदारी हुनु स्वाभाविक हो । आफ्नो तर्कमा अरूलाई सहमत गराउने, अरूको तर्कमा सहमत हुने वा अर्काको मान्यतालाई सम्मान गर्दै आ-आफ्नो ढंगले अघि बढ्दा विवादले आक्रोशमा रूपान्तरण हुन पाउँदैन । तर त्यति उदारता पनि मानिसमा हराउँदै गएको छ । मानिस असहिष्णु र कठोर हुँदै गएको र आफूप्रति असहमत व्यक्तिको हत्या गरेर मात्रै तुष्टि लिने तीव्र आवेग फस्टाएको देखिन्छ । साथै, सम्पत्तिप्रतिको अथाह लोभ पनि डरलाग्दो पक्ष हो । अंश वा सम्पत्तिमा दाबीका कारण परिवारकै सदस्यको पनि हत्या भइरहेका छन् । मादक पदार्थ सेवनका कारण पनि साथीभाइबीच मात्रै होइन, परिवारका सदस्यबीच पनि विवाद निम्तिने र हत्या हुने गरेका छन् । सामान्यतया कुनै पनि समाज हत्या र हिंसामा आधारित द्वन्द्वबाट व्यतित भएपछि मानिसको मानसिकता नै बिथोलिने गर्छ । छोटो समयमै ठूलो दरमा मानिसको अस्वाभाविक मृत्यु देखेको र भोगेको समाजले बाँकी सबै किसिमका अपराधलाई परकम्पका रूपमा भोग्ने गरेको विगत छ । माओवादीको सशस्त्र द्वन्द्वको राजनीतिक पाटो र उपलब्धि आफ्नो ठाउँमा छन्, तर उसले द्वन्द्व अन्त्य गरिसक्दा पनि समाजमा उस्तै प्रकृतिको हत्या-हिंसा जारी नै रह्यो । २०६३ पछि पनि नयाँनयाँ समूह खुल्ने, त्यसका आडमा फिरौती संकलन र हत्या गर्ने प्रवृत्ति कायमै रह्यो । राजनीतिक आवरण दिइएका कैयौं समूहका गतिविधि आपराधिक शैलीका थिए । त्यतिबेला तराई क्षेत्रमा सयभन्दा बढी समूह खुलेका थिए, तीमध्ये कैयौं समूहले हतियारको प्रयोग र हत्यामार्फत तराई क्षेत्रलाई नै त्रसित बनाएका थिए । द्वन्द्वका क्रममा खस्किएको प्रहरीको मनोबल विस्तारै उठ्दै गयो र पछि आक्रामक ढंगले अनुसन्धान र कारबाहीलाई तीव्रता दिएपछि त्यस्ता समूहहरू शिथिल हुँदै गए । पछिल्लो समयमा पनि प्रहरीको मनोबल बलियो बन्न सकेको छैन । राजनीतीकरण, लाञ्छना तथा प्रहरीमाथि नै आक्रमणका घटना पनि देखिएका छन् । जेन-जी आन्दोलनका क्रममा पनि प्रहरी चौकी जलाउने, प्रहरीलाई पोसाक फुकाल्न लगाएर घुमाउने, हतियार खोस्ने र हत्या गर्ने जस्ता काम भए । यसको असर प्रहरी र समाजमा परेको छ । आपराधिक मानसिकताका मानिसले आपराधिक गतिविधिका लागि सहजता ठान्ने स्थिति बनेको छ । भ्रष्टाचार, बेरोजगारी, ठगी, महत्त्वाकांक्षा जस्ता कारणले मानिसमा आक्रोश र कुण्ठा पनि बढेकै छ । प्रविधिको सहज उपलब्धताले पनि मानिसमा सही वा गलत दुवै सामग्रीमा पहुँच पुगेको छ । कानुनको प्रभावकारी कार्यान्वयनको अभावले गर्दा गैरकानुनी काम र व्यवसायले पनि प्रश्रय पाएको छ । त्यसले पनि समाजमा असन्तुष्टि र द्वन्द्व बढाएको छ । त्यसले पनि कहिलेकाहीं हत्याको घटना निम्त्याएको छ । राज्यले नै नागरिकका असन्तुष्टि न्यूनीकरण हुने गरी काम गर्न सक्नुपर्छ ।

# कस्तो वैकल्पिक पार्टी ?



**हरि रोका**

अमेरिकन अर्थशास्त्री अलान ग्रिनस्पानको नाम नेपालका नवजात राजनीतिज्ञलाई थाहा नहुन सक्छ, यद्यपि नेपाली नवउदारवादका पक्षधर नीति निर्माता र अर्थशास्त्रीहरूलाई थाहा छैन भनेर अड्कल काट्न सकिन्न । किनकि उनी संयुक्त राज्य अमेरिकाको केन्द्रीय बैंक फेडरल रिजर्भको (१९८७-२००६) अध्यक्ष र नवउदारवादका जल्दाबल्दा प्रवक्ता थिए । ग्रिनस्पानले सन् २००१ मा नवउदारवादी सिद्धान्तलाई व्यवहारमा उतार्दा भएका उपलब्धि बुँदागत रूपमा यसरी प्रस्तुत गरेका थिए- (१) भिन्न-भिन्न तरिकाको फराकिलो विकास, सफा शुद्ध पिउने पानी, आरोग्यताका लागि औषधि-प्रविधिको खोज तथा अनुसन्धान र व्यवस्थापन गर्‍यो । (२) विश्वव्यापी शिक्षाको प्रबन्ध मिलायो र मानिसलाई भिन्न देशहरूमा जान-आउन सहज तुल्यायो । (३) मानिसलाई सहज ढंगले रोजगारी उपलब्ध हुन पुग्यो । (४) आफ्नो जीविकोपार्जनका लागि प्राकृतिक स्रोत र साधनलाई प्रयोग गरिरहँदा आफ्नो वरपरको वातावरणको सुरक्षा कसरी हुन सक्छ भन्ने अनुमान अनुसार दिगो र भरपर्दो हुने गरी प्राकृतिक स्रोत र साधनको उपयोग गर्न सिकायो ।

सिद्धान्ततः बजारमुखी अर्थतन्त्रले जीविकोपार्जनभन्दा अलि बढी नै धन आर्जन गर्‍यो, जसले आवश्यक वस्तु तथा सेवा खरिद गर्न सकियो । यो नै सभ्य समाजको लक्षण हो (अलान ग्रिनस्पान, अन ग्लोवलाइजेसन, लेक्चर डेलिभर्ड एट दि इन्सिचिउट फर इन्टरनेसनल इकोनोमिक्स, फ्रस्ट एनिवल स्टाभोर्स नियाकोस फाउन्डेसन लेक्चर, अक्टोबर २४, २००१) । नयाँ शताब्दीको प्रारम्भमा ग्रिनस्पानले नवउदारवादका बारेमा निकालेको निष्कर्ष वास्तवमा सफेद झूटका पुलिन्दा थिए । यद्यपि तेस्रो विश्वका अधिकांश नेता, नीति निर्माता र अर्थशास्त्रीहरूले त्यही झूटको पुलिन्दालाई आँखा चिम्लेर स्विकार्दै समग्र राजनीतिक आन्दोलन तथा मुलुकको अर्थराजनीतिक व्यवस्थालाई पंगु बनाइरहे । नेपालमा पनि कांग्रेस, एमाले, माओवादीहरूले छद्म रूपमा समाजवाद उन्मुखताको गफ दिएर झर्रो नवउदारवादी पुँजीवाद लागू गर्दै आए । यस पटक राम्रै राजनीतिक सम्भावना बोकेको राष्ट्रिय स्वतन्त्र पार्टीले खुलेर उदार अर्थतन्त्रमार्फत समतामूलक समाज निर्माणको गफ पस्किएको छ । काठमाडौंका मेयर बालेन शाह, कुलमान घिसिङको उज्यालो पार्टी रास्वपामा एकीकृत (रास्वपाबाट कुलमानको बहिर्गमन भइसकेको छ) हुँदाको सहमति पत्रमा 'मुलुकको परिवर्तित राजनीतिक घटनाक्रमले सिर्जना गरेको विशिष्ट परिस्थितिलाई हृदयंगम गरी सबै नेपालीको समतामूलक उन्नतिप्रति कटिबद्ध सामाजिक न्यायसहितको उदार अर्थतन्त्रमा विश्वास गर्ने बहुलवादी लोकतान्त्रिक उन्नतिप्रति कटिबद्ध असल शासन कायम गरी आमनागरिकका आकांक्षा सम्बोधन गर्न' भन्ने वाक्य प्रयोग गरिएको छ । यो स्टेटमेन्ट पनि ग्रिनस्पानको सफेद झूटसँग मिल्दो छ र नेपाली समाजलाई फेरि आर्थिक लोकतन्त्रबाट बाहिरै राख्ने नयाँ प्रयत्न मान्न सकिन्छ । **राजनीतिक विज्ञानमा सामाजिक न्यायको मुद्दा**

सामाजिक न्यायको मुद्दा उन्नाइसौं शताब्दीको औद्योगिक क्रान्तिले जन्मायो । अत्यधिक सामाजिक असमानता तथा श्रमजीवीमाथिको अत्यधिक शोषणले त्यो अवस्था उत्पन्न गराएको थियो । शोषण र उत्पीडनविरुद्ध मजदुर युनियनहरू बने र समाजवादी विचारधारासँग जोडिए । उनीहरूको संगठित प्रतिरोध तथा र उत्पीडनविरुद्धको विद्रोहले सम्पत्तिको पुनर्वितरणदेखि मानवअधिकार, समानता, स्रोत र साधनमाथि सबैको पहुँच हुने व्यवस्थाको माग उठ्यो । सम्पत्ति आर्जनमा देखिएको असमानतापछि जोन स्टुवार्ट मिल, लुइगी तपारेली जस्ता विद्वान् अध्येताहरूले गरिब जनताको पक्षमा कानुनी र धार्मिक मुद्दाहरू उठाए । त्यसपछि श्रमिक संगठन, महिला अधिकारकर्मी, जातिवाद र नश्लवादविरोधी शक्ति आदिले संयुक्त रूपमा प्रतिकार गर्दै सामान्य जीवन जिउने अधिकार, राम्रो ज्याला, उपचार सुरक्षा र सार्वजनिक चेतना विस्तारमा सहयोगका लागि प्रतिरोधी आन्दोलन सुरु गरेपछि बिस्तारै सामाजिक सुरक्षा प्राप्ति अगाडि बढेको थियो (जोन रवेल्स, अ थ्योरी अफ जस्टिस (१९७१)) । सन् १९२९ को विश्वव्यापी मन्दी तथा दोस्रो महायुद्धपछि धेरै पुँजीवादी देशमा सम्भावित समाजवादी क्रान्तिको डरले शिक्षा, स्वास्थ्य, भूमिसुधार लगायत सामाजिक सुरक्षा नीति अपनाइए । दोस्रो विश्वयुद्धपछि सामाजिक सुरक्षा अर्थतन्त्रको क्षेत्रमा मात्र होइन, अन्य विषय जस्तो मताधिकारको सुरक्षा, नीति निर्माणमा निर्णायक सहभागिता, प्रणालीगत रूपमा गरिने हेपाइ तथा लैंगिक, जातीय, भाषिक, धार्मिक, अन्य कुरामा पक्षपातपूर्ण व्यवहार निषेध आदि विषयका अधिकार पनि सामाजिक सुरक्षाभित्र पारिए । त्यसैगरी स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा ती विषयलाई कानुनी व्याख्या गरी अधिकार युक्त बनाइयो । वास्तवमा दोस्रो विश्वयुद्धपछि पुँजीवादी मुलुकहरूमा सशक्त हुँदै गएका वामपन्थी वैचारिक शक्तिकै कारण लोककल्याणकारी राज्यको बिजारोपण भएको थियो । वामपन्थी शक्तिले प्रणालीगत

बाँकी तेश्रो पृष्ठमा⇨

# के संवाद गर्दै छ समाज ?

**सीपी अर्याल**

चितवन-माडीमा एक साँझ स्थानीय उद्यम–अभियन्तासँगको गफ सुनेपछि यो लेखको आधार बनेको हो । ती आममानिसले अयोध्यापुरीस्थित चिया पसलमा भनेका थिए, 'यी नेताले भएका जति युवालाई देशमा खर्लप्पै निराश बनाएर विदेश पठाउने र बूढाबूढीमाथि शासन गर्ने मन बनाएका हुन् । चार हात-पाउ टेक्नुपर्ने उमेरका बुढापाका आन्दोलन गर्न, टायर बाल्न जान सक्दैनन् । सत्तालाई हाइसन्चो ।' आममानिसको वास्तविक 'न्यारेटिभ' बुझ्न सघाउने चिया पसलजस्ता थलोहरू गज्जबका 'एथ्नोग्राफिक साइट' हुन् । जनताले के र कसरी सोचिरहेका छन् ? त्यो बुझ्न सघाउने यस्ता कुराकानी समय कटाउने साधारण गफगाफ मात्रै होइन, आम जीवनले वर्तमान राजनीति, अर्थ, शिक्षा, पर्यटन आदि विषयलाई कसरी बुझिरहेको छ ? त्यो देखाउने आँखीझ्याल पनि हो । यसबाट समाजको राजनीतिक चेतना र सांस्कृतिक बनोट बुझ्ने गतिलो अवसर मिल्नुका साथै समाजको सामूहिक सोच र संवेदना चियाउने 'फ्रेमवर्क' पनि मिल्छ । यिनै ठाउँमा आम नेपालीले वरिपरिको संसार बुझ्छन्, राजनीतिक संकटलाई अर्थ दिन्छन्, सही-गलतका सिमाना तय गर्छन् र समाजका शक्ति संरचनामाथि 'खै' गरिरहन्छन् । आक्कल-झुक्कल चिया पसलले त 'यहाँ राजनीतिक कुराकानी नगरिदिनुहोला' लेखेरै टाँसेका पनि देखिन्छन् । सामान्यतया 'गफ' भनेर हल्का रूपमा लिइने यस्ता कुराकानीले गहिरा सामाजिक कथा बोकेका हुन्छन् (इतिहासविद् प्रत्यूष वन्त पनि मार्टिन चौतारीमा हुने विमर्शलाई 'गफ' को संज्ञा दिन्छन् । वन्तले सम्पादन गरेको किताब 'नेपाल इन दी लङ १९५० ' मा प्रवास गौतमले लेखेको 'तिलौरी माइलाको चिया पसल' मा राणाकालका अन्तिम वर्षमा चिया पसलजस्ता सार्वजनिक थलोमा हुने आम विमर्शबारे लेखिएको छ) । आममानिसका गफगाफका यी क्षण समाजको मनोविज्ञान झल्काउने ऐनाजस्तै हुन् । चिया पसलका टेबल वरिपरि, पाटीमा वा रूखको छहारीमा वा सार्वजनिक यातायातमा गरिने संवाद नेपाली समाजको सामूहिक सोच कसरी बन्छ र कसरी बदलिन्छ भन्ने विषय देखाउने मौन प्रयोगशालाजस्तै हुन् । सार्वजनिक गफगाफ कुनै पनि समाजको राजनीतिक चेतना र सांस्कृतिक बनोट बुझ्ने उत्तम माध्यम हो । नेपालजस्तो मुलुकमा, जहाँ लोकतान्त्रिक संस्था अझै परिपक्व बनिसकेका छैनन् र सामाजिक रूढिवादका संरचना अझै गहिरो जरा गाडेर बसेका छन्- चिया पसल, बसपार्क, हाटबजार आममानिसको मन छाम्ने थलो हुन् । चिन्तकहरू हेबरमास वा गफमेनले यस्ता गफगाफ स्थललाई आममानिसको सामूहिक चेतनाको थलोका रूपमा सैद्धान्तीकरण गरेका छन् । यी थलोमा आममानिस आफ्ना आक्रोश वा खुसीमाथि विमर्श गर्छन् । यिनै अनौपचारिक सार्वजनिक स्थलहरूमा घुमिरहने चार प्रमुख विषयलाई यो लेखले नियाल्नेछ । ती विषय सतहमा सामान्य देखिए पनि भित्री तहमा भने नेपाली समाजका गहिरा चिन्ता, आशा, द्वन्द्व र आकांक्षासँग गाँसिएका छन् । ती कुराकानीमार्फत हामी नेपाली समाज आफैंसँग कसरी कुरा गरिरहेको छ ? के कुराले उसलाई बेचैन बनाइरहेको छ ? र, भविष्यतर्फ उसले कस्ता प्रश्नहरू बोकेर हिँडिरहेको छ ? यी प्रश्नको उत्तर पाउन सक्छौं । **राजनीति, राजनीति र फेरि राजनीति**

चिया पसलको गफमा राजनीति प्रायः रगतझैं बगिरहन्छ । एक कप चिया हातमा परेपछि कुरा महँगीबाट वा 'नेता निकम्मा भए' भन्नेबाट सुरु हुन्छ । र, नजानिँदो गरी संघीयता, भ्रष्टाचार, मन्त्री वा मेयर वा वार्ड वा गाउँपालिका अध्यक्षका असफलता अनि पार्टी नेताहरूको चालचलनतिर मोडिन्छ । बाहिरबाट हेर्दा केवल गुनासो जस्तो देखिन सक्छ, तर वास्तवमा यो साधारण मानिसले आफ्नै भाषामा सत्तासँग गर्ने संवाद हो । प्रायः राजनीतिक कुराकानी व्यक्तिकेन्द्रित पनि हुन्छन्- कुन नेता कति चामत्कारिक छ ? कति चलाख छ ? वा कति भ्रष्ट छ ? यी विषय वरिपरि कुराकानी घुम्छन् । म्याक्स वेबरको 'करिस्म्याटिक अथरिटी' को धारणा नेपाली समाजमा झल्किन्छ- विश्वास प्रायः निरपेक्ष संस्था वा नियममा होइन, साहसी- निर्णायक र आफूजस्तै लाग्ने नेतामाथि राखिन्छ । चिया पसलमा बसेर सुन्दा कसैको भ्रष्टाचारविरुद्धको जोसिला भाषणको खुलेर प्रशंसा हुन्छ, तर त्यसको केहीबेरमै 'बोल्न त सजिलो हो, कामचाहिँ गर्छ कि गर्दैन ?' भन्ने शंका पनि मिसिन्छ । यही प्रशंसा र अविश्वासबीचको उतार-चढावले नेताको छवि कसरी बन्छ वा बनाइन्छ भन्ने देखाउँछ । यहाँ पियरे बोरदिउले भनेको सिम्बोलिक क्यापिटलको अर्थ प्रस्ट देखिन्छ, नेताहरूले संस्थागत कामभन्दा पनि बोली, शैली, हाउभाउ र प्रस्तुतिमार्फत प्रतिष्ठा बटुल्ने गर्छन् । यस्तो व्यक्तिकेन्द्रित राजनीतिक गफले लोकतन्त्रलाई दुईतिर तान्छ । एकातिर, यसले मानिसलाई राजनीतितर्फ आकर्षित गर्छ, बहस गराउँछ र नागरिक चासो जीवित राख्छ । अर्कोतिर भने, समाजशास्त्रीय चेतनाले सम्झाएअनुसार जब आम ध्यान संरचना, नीति र प्रणाली सुधारभन्दा व्यक्तिगत नायकत्वतिर सर्छ, तब गहिरो परिवर्तनको सम्भावना कमजोर हुन सक्छ । यसरी चिया पसलको साधारण गफभित्रै नेपाली लोकतन्त्रका शक्ति र कमजोरी दुवै सँगसँगै बोलिरहेका हुन्छन् । आजको समयका आम कुराकानीमा अधुरा सपना र भविष्यको आशा दुवै झल्किन्छन् । देशको कायापलट गर्ने भनिएको संघीयता प्रायः गफको केन्द्रविन्दुमा हुन्छ । धेरैको आवेगले नेताको चरित्रले संघीयता माथि धब्बा लाग्यो भन्छ भने कसैका लागि यस्तो व्यवस्थाले समाजलाई बिस्तारै बलियो परिवर्तन र दिशा दिन्छ भन्ने पनि छ । ठूला कुरा गर्ने

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## जापानमा फेब्रुअरीमा मध्यावधि चुनाव घोषणा गर्ने तयारी



**काठमाडौं,३० पुस ।**

जापानकी प्रधानमन्त्री साने ताकाइचीले बुधबार सत्तारूढ दलका वरिष्ठ अधिकारीहरूलाई बलियो जनसमर्थनको फाइदा उठाउँदै मध्यावधि आम चुनाव घोषणा गर्ने आफ्नो योजनाबारे जानकारी दिने तयारी गरेको मिडिया रिपोर्टहरूले जनाएका छन् । ताकाइची गत अक्टोबरमा जापानको पहिलो महिला प्रधानमन्त्रीका रूपमा नियुक्त भएकी हुन् । हाल उनको मन्त्रिपरिषद्ले करिब ७० प्रतिशतको उच्च अनुमोदन दर प्राप्त गरेको छ । तर सत्तारूढ गुटसँग संसद्को शक्तिशाली तल्लो सदनमा न्यून बहुमत मात्रै रहेकाले उनको महत्त्वाकांक्षी नीतिगत एजेन्डा अघि बढाउन चुनौती उत्पन्न भएको छ । जापानी व्यापार दैनिक निक्केई सिम्बुनले सरकार तथा लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) का अज्ञात स्रोतहरूलाई उद्धृत गर्दै बुधबारको बैठकमा ताकाइचीले जनवरी २३ मा तल्लो सदन विघटन गर्ने आफ्नो मनसायबारे पार्टीका वरिष्ठ अधिकारीहरूलाई जानकारी गराउने बताएको छ । यस कदमले सत्तारूढ दलको सिट सङ्ख्या बढाउने लक्ष्यसहित आकस्मिक आम चुनावको बाटो खोल्ने जनाइएको छ । सार्वजनिक प्रसारणकर्ता एनएचकेले पनि ताकाइचीले आफ्नो योजनाबारे वरिष्ठ अधिकारीहरूसँग छलफल गर्न बैठक समन्वय गरिरहनुभएको जानकारी दिएको छ । टेलिभिजन असाहीका अनुसार एलडिपीका प्रभावशाली नेताहरू र गठबन्धन साझेदार जापान इनोभेसन पार्टीका सदस्यहरूसँगको बैठक बुधबार ढिलो हुने अपेक्षा गरिएको छ । सरकारका प्रमुख प्रवक्ता मिनोरु किहाराले यस विषयमा प्रतिक्रिया जनाउन अस्वीकार गर्दै यो 'प्रधानमन्त्रीले गर्ने निर्णय' भएको मात्र बताएका छन् । यदि ताकाइचीले नियमित संसद् सत्रको सुरुआतको दिन अर्थात जनवरी २३ मा तल्लो सदन विघटन गरे भने आम चुनावको सम्भावित मिति फेब्रुअरी ८ मा हुने विभिन्न जापानी सञ्चारमाध्यमहरूले रिपोर्ट गरेका छन् । संसद् विघटन र चुनावबीचको समय छोटो राखेर आगामी आर्थिक वर्षको बजेट विधेयकमाथि हुने संसदीय बहसमा चुनावको प्रभाव न्यून राख्ने उनको रणनीति रहेको योमियुरी पत्रिकाले जनाएको छ । ताकाइचीको मन्त्रिपरिषद्ले अप्रिल २०२६ देखि सुरु हुने वित्तीय वर्षका लागि एक हजार २२३ खर्ब येन (करिब सात खर्ब ६८ अर्ब अमेरिकी डलर) को बजेट स्वीकृत गरिसकेको छ । उनले मुद्रास्फीति नियन्त्रण गर्न र विश्वको चौथो ठूलो अर्थतन्त्रलाई स्थायित्व दिन यो बजेटलाई सकेसम्म चाँडो संसद्बाट पारित गराउने प्रतिबद्धता व्यक्त गरे ।

ताकाइची अल्पसङ्ख्यक सरकारको प्रमुखका रूपमा निर्वाचित हुँदा पछिल्ला केही वर्षमा जापानको पाँचौं प्रधानमन्त्री बनेकी थिइन् । उनको नेतृत्वमा एलडिपी र गठबन्धन साझेदार जापान इनोभेसन पार्टीले नोभेम्बरमा तीन सांसद एलडिपीमा सामेल भएपछि तल्लो सदनमा पुनः बहुमत हासिल गरेको हो । यद्यपि माथिल्लो सदनमा सत्तारूढ गुट अझै अल्पसङ्ख्यकमै रहेको छ । मिडियाका अनुसार ताकाइचीले ठूलो बहुमत प्राप्त भएमा थप 'सक्रिय' वित्तीय खर्चसम्बन्धी आफ्नो एजेन्डा कार्यान्वयन गर्न सजिलो हुने र चीनसँगको कूटनीतिक गतिरोध तोड्न पनि सहयोग पुग्ने अपेक्षा राखेकी छन् ।

## इरानमा हिंसा बढ्दै, संयम हुन ट्रम्पको आग्रह



**काठमाडौं,३० पुस ।**

इरानमा पछिल्ला दुई सातादेखि जारी विरोध प्रदर्शनका क्रममा मृत्यु र पक्राउको सङ्ख्या बढ्दै गएको समाचारहरू आइरहेका बेला अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी सरकारलाई संयम अपनाउँदै प्रदर्शनकारीप्रति मानवता देखाउन आग्रह गरेका छन् । राष्ट्रपति ट्रम्पले मंगलबार आफ्नो राष्ट्रिय सुरक्षा टोलीसँग इरानसम्बन्धी अवस्थाबारे परामर्श गरे । उनले प्रदर्शनका क्रममा कति नागरिकको ज्यान गएको छ भन्नेबारे अझै आधिकारिक रूपमा पुष्टि भएको तथ्यांक प्राप्त नभए पनि घटनाको गम्भीरताप्रति चासो व्यक्त गरे । समाचार एजेन्सीका अनुसार डिसेम्बर २८ देखि सुरु भएको विरोध प्रदर्शनमा हालसम्म करिब १६ हजार ७ सय मानिस पक्राउ परेका छन् भने दुई हजार ५ सयभन्दा बढीको मृत्यु भएको अनुमान गरिएको छ । ती तथ्यांक स्वतन्त्र रूपमा पुष्टि हुन बाँकी रहेको बताइएको छ । 'सन्देश यही हो कि मानवता देखाइनुपर्छ,' ट्रम्पले इरानी सरकारप्रति संकेत गर्दै भने । उनले परिस्थितिको शान्तिपूर्ण समाधान हुने अपेक्षा व्यक्त गरे । यसअघि ट्रम्पले विरोध प्रदर्शनमाथि भइरहेको कडाइका कारण इरानी अधिकारीहरूसँग हुने सम्भावित वार्तामा रोक लगाइएको बताए । उनले इरानी नागरिकप्रति सहानुभूति व्यक्त गर्दै सहयोगको संकेत गरेका भए पनि त्यसको स्वरूपबारे विस्तृत जानकारी दिएनन् । मिशिगनमा आयोजित एक कार्यक्रममा ट्रम्पले इरानी नागरिकलाई शान्तिपूर्ण रूपमा आफ्नो आवाज उठाइरहन आग्रह गरे । साथै, उनले हिंसा र दमनमा संलग्न व्यक्तिहरूको पहिचान सुरक्षित राख्न सुझाव दिए । यसप्रति प्रतिक्रिया जनाउँदै संयुक्त राष्ट्रसङ्घका लागि इरानका स्थायी प्रतिनिधि अमिर सइद इरावानीले ट्रम्पका अभिव्यक्तिलाई हस्तक्षेपको रूपमा व्याख्या गर्दै आपत्ति जनाएका छन् । उहाँले यस्तो अभिव्यक्तिले क्षेत्रीय स्थिरता र इरानको सार्वभौमिकतामा असर पार्न सक्ने बताए । यसैबीच, इरानी सरकारी सञ्चारमाध्यममा प्रसारित केही स्वीकारोक्तिप्रति मानव अधिकार संस्थाहरूले चिन्ता व्यक्त गरेका छन् । ती स्वीकारोक्ति दबाबमा गराइएको हुन सक्ने आशंका व्यक्त गरिएको छ ।

ट्रम्प प्रशासनका उच्च अधिकारीहरूले इरानको अवस्थाबारे कूटनीतिक, आर्थिक तथा सुरक्षा सम्बन्धी विकल्पहरूबारे छलफल जारी राखेको जनाएका छन् । अमेरिकी प्रशासनले आफ्नो प्राथमिकता नागरिकको ज्यान जोगाउनु र क्षेत्रीय स्थिरता कायम राख्नु रहेको बताएको छ ।मानव अधिकार समूहका अनुसार इरानका सबै ३१ प्रान्तमा हालसम्म ६ सयभन्दा बढी विरोध प्रदर्शन भएका छन् । आर्थिक समस्याबाट सुरु भएको यो आन्दोलन पछिल्ला दिनहरूमा शासनप्रणालीप्रतिको व्यापक असन्तोषको रूपमा विकसित भएको विश्लेषण गरिएको छ ।

## गाजामा युद्धविरामपछि सयभन्दा बढी बालबालिकाको मृत्यु : युनिसेफ

**काठमाडौं,३० पुस ।**

गत अक्टोबरको युद्धविराम पछि गाजा पट्टीमा इजरायली ड्रोन तथा हवाई आक्रमणका कारण एक सय भन्दा बढी बालबालिकाको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घीय बाल कोष (युनिसेफ) ले जनाएको छ । युनिसेफका प्रवक्ता जेम्स एल्डरले संयुक्त राष्ट्रसङ्घको पत्रकारहरूसँगको नियमित साक्षातकारमा 'अक्टोबरको सुरुमा भएको युद्धविराम पछि गाजामा एक सय भन्दा बढी बालबालिकाको मृत्यु भएको पुष्टि गर्दै त्यो युद्धविराम पछि हरेक दिन मारिने हरुमा लगभग एक जना बालबालिका रहेको जनाएका छन् । गाजा पट्टीमा इजरायली बमबारी निरन्तर चलिरहेको उल्लेख छ ।

## कस्तो वैकल्पिक.....

परिवर्तनको कुरा नसोचेको भए, असमानता घटाउने मुद्दा नउठाएको भए, सीमान्त वर्गमाथिको थिचोमिचो र अत्याचारको प्रतिरोधमूलक संघर्ष नगरेको भए लोककल्याणकारी राज्यको अवधारणा नै अघि आउँदैनथ्यो । नेपालकै सन्दर्भमा सन् १९६० देखि १९९० सम्मको पञ्चायतमा लोककल्याणकारी नीति शब्दमा मात्रै सीमित थिए । सन् १९९२ पछि कांग्रेसले स्थापित गरेको नवउदारवादले लोककल्याणकारी काम र क्रियाकलापलाई बजारको जिम्मा लगायो ।यदि संसद्मा वामपन्थी हुन्थेनन् भने वृद्धभत्ता लगायत थोरै भए पनि लोककल्याणकारी काम सम्भव थिएनन् । **नवउदारवाद र समतामूलक समाज** उदारवादी अर्थतन्त्रको परिभषामा प्रयोग गरिने बजार, मुद्रा तथा वस्तुभन्दा बढी राजनीतिक अवयव बोकेर सन् १९२९ मा जन्मिएको नवउदारवादले बोक्यो । १९२९ को बृहत्तर मन्दी पुरानो लेसेजफेयर अर्थतन्त्र असफलताको प्रतीक थियो । त्यसपछि उब्जाइएको नवउदारवादले पाल्ने गरेको मुख्य सिद्धान्त भनेको सरकारले आर्थिक वृद्धि गर्नै सक्तैन, गरिबको पनि कल्याण गर्न सक्तैन, राज्यको सट्टा बरु निजी कम्पनी र व्यक्ति अर्थात् खुला बजारले आर्थिक वृद्धि गर्छन् र उनीहरूले तिरेको करले समाजको कल्याण हुन सक्छ भन्ने हो । सन् १९७० देखि विश्वव्यापी रूपमा भिन्नभिन्न रूपका नवउदारवादी नीति लागू गरिए । यतिबेला नेपाल जस्ता देशहरूमा अपनाइएको नवउदारवाद विश्वविद्यालयहरूको कर्पोटाइजेसन, प्राकृतिक स्रोत साधनमाथि एउटा निश्चित वर्गको अधिकार, विद्यालय तथा स्वास्थ्यालयहरूको निजीकरण, प्राकृति स्रोत र साधनमाथि निश्चित वर्गमा अधीनस्थ, थोरै ज्यालामा काम, गहन जिम्मेवारीका नाममा राज्य सञ्चालित कर्पोरेसनहरूको निजीकरण र निर्वाचनको मौद्रिकीकरण गरेर धनाढ्यको पोल्टामा राजनीति सीमित गर्ने साधन बनेको छ । नवउदारवादी समाजमा समतामूलक शब्दमाथि न्याय हुन्छ भन्ने कल्पनासमेत गर्न सकिन्न । साभार ईकान्तिपुर ।

## के संवाद गर्दै छ..........

तर फोहोर, ट्राफिक र व्यवस्थापन सम्हाल्न नसक्ने मेयरहरूलाई लिएर असन्तुष्टि पोख्छन् काठमाडौंका आम मानिसहरू चिया पसल वा सार्वजनिक यातायातमा । जस्तो कि, बालेन्द्र शाहले मेयरको चुनाव जितेपछि मतदाताले प्रेमसाथ पहिर्‍याइदिन खोजेको माला नलगाई हिंडे । कारण बालेन्द्रले भने, ' काठमाडौंको फोहोरको समस्या समाधान नगरी लगाउँदिनँ ।' चामत्कारिक छवि बनाइएर मेयरका रूपमा गरेका वाचा पूरा गर्ने त कहाँ हो कहाँ, कार्यकालै नसकिँदै चुनाव लड्न लम्कँदै छन् । खुब हाइहाइ भएका बालेन आम आक्रोशका बलिया बिम्ब त बने तर आममानिस उनको यो बठ्याइँ नबुझीकन बसेका छैनन् ।

यस प्रकार, यी आम थलो भविष्यवाणी गर्ने ठाउँ पनि भएका छन्- चुनाव कसले जित्ला, कति सिट आउला वा कसले बल्ड्याङ खाला !यी राजनीतिक गफहरू यति साभार ईकान्तिपुर ।

## एसबीआई बैंक............

सुरक्षागार्डलाई नियन्त्रणमा लिएर हतियार देखाउँदै ढुकुटी खोल्न बाध्य बनाएको प्रारम्भिक अनुसन्धानमा खुलेको छ । घटनामा प्रयोग गरिएको बा १ ज ०३९८ नम्बरको रिजर्भ टाटा सुमो पहिचान् भइसकेको र त्यसका चालकलाई पहिले नै नियन्त्रणमा लिइसकेको प्रहरीले जनाएको छ ।घाइते सुरक्षागार्डको उपचार भइरहेको छ । बैंकको सुरक्षा व्यवस्था, आन्तरिक प्रक्रिया र प्राविधिक कमजोरीबारे पनि विस्तृत जाँचबुझ अघि बढाइएको छ ।

## सुरक्षा चुनौती छ...........

आन्दोलनमा लुटिएका हतियार, जेलबाट भागेका कैदीहरु बाहिर रहेको, प्रहरीका आवश्यक सामाग्रीहरु नभएको अवस्थामा हुन लागेको निर्वाचनले सुरक्षा चुनौती खडा गरेको बताए । नागरिकमा भयरहित भएर मतदान गर्ने वातावरण बनाउन जरुरी रहेको उनको भनाइ छ ।

# स्वास्थ्य

## गर्भावस्थामा एक्स-रे गर्दा भ्रूणलाई असर गर्छ ?



स्वास्थ्य उपचार गर्दा कुनै रोग पत्ता लगाउने एक विधि हो एक्स-रे । तर एक्स-रे गर्ने क्रममा विभिन्न कुरालाई ख्याल राख्नुपर्छ । गर्भअवस्थामा त सकेसम्म एक्स-रे नगर्नु नै राम्रो हुन्छ । किनकि यसले गर्भभित्रको भ्रूणलाई नकारत्मक असर गर्न सक्छ । **के हो एक्स-रे ?** एक्स-रे एउटा किरण (रे) हो, जसले शरीरभित्रको रोग पत्ता लगाउन सहयोग गर्नुका साथै शरीरमा केही मात्रामा हानि पनि गर्छ । एक्स-रे निस्किने विकिरणमा शरीरभित्रको कोषिकालाई निष्क्रिय तथा मार्ने काम गर्छ । त्यस्तै गर्भावस्थामा एक्स-रेबाट निस्किने उच्च प्रकाशको विकिरण अर्थात् रेडिएसनको कारण गर्भभित्रको भ्रूणको वृद्धि विकासमा समस्या आउन सक्छ, जसकारण जन्मजात अपांगता हुने, जन्मिसकेपछि शिशुमा ढिलो वृद्धि विकास हुने तथा गर्भपातको जोखिम समेत बढाउन सक्छ । विकिरणको कारण कोषिका क्षति हुने सम्भावना हुनसक्छ । **कुनबेला बढी जोखिम हुन्छ ?** गर्भावस्थाको तीनवटा त्रैमासिक हुन्छ- पहिलो, दोस्रो र तेस्रो । गर्भावस्थामा गरिने एक्स-रेले पहिलो त्रैमासिकमा नकारात्मक असर गर्न सक्छ । यसबेला गर्भभित्र भ्रूणको विकास भइरहने भएकाले भ्रूणको मुख्य अंग र प्रणालीहरू बनिरहेका हुन्छन् । यस्तो अवस्था एक्स-रे गर्दा त्यसबाट निस्किने विकिरणको असरले भ्रूणको विकासका समस्या ल्याउन सक्छ । किनकि एक्स-रेबाट निस्कने विकिरणले भ्रूणभित्र विकास भइरहेको कोषिकालाई निष्क्रिय गर्ने तथा मार्ने काम गर्छ । त्यस कोषिकाको विभाजनमा असर गर्ने, विभाजन भएको कोषिका पनि नराम्रो गर्छ । जसकारण भ्रूणको शारीरिक तथा मानसिक वृद्धि विकासमा असर गर्छ । जन्मजात अपाङ्गता हुने, शिशु जन्मिसकेपछि वृद्धिविकासमा ढिलाइ हुने समस्या हुनसक्छ । ढिलो बोली फुट्ने, ढिलो हिंड्ने पनि हुनसक्छ । एक्स-रेका कारण कहिलेकाहीं गर्भपातको जोखिम हुन्छ, जुन गर्भवतीको पहिलो त्रैमासिकमा बढी हुन्छ भने तुलनात्मक रुपमा गर्भावस्थाको दोस्रो र तेस्रो त्रैमासिकमा गर्भपात हुने जोखिम कम हुन्छ । त्यस्तै दोस्रो र तेस्रो त्रैमासिकमा भ्रूणको वृद्धि विकास भइरहेको हुनसक्छ । यसबेला पहिलो त्रैमासिक भन्दा यी त्रैमासिकमा जोखिम कम भएपनि एक्स-रे विकिरणको कारण गर्भभित्रको भ्रूणलाई क्यान्सर जस्ता गम्भीर रोगको पनि जोखिम हुनसक्छ ।

तर यसो भन्दैमा एक्स-रे गर्दैमा गर्भभित्रको भ्रूणमा असर गरिहाल्छ भन्ने होइन । यो गर्भवती महिलाको स्वास्थ्य र एक्स-रेको मात्रा अनुसार फरक-फरक हुन्छ । साथै विकिरणले पुऱ्याउने जोखिम पनि मानिसअनुसार फरक हुन्छ । जति धेरैपटक एक्स-रे गऱ्यो, उति जोखिम हुने सम्भावना भने हुन्छ । पेट र पाठेघर नजिकैको भागमा एक्स-रे गर्नुपर्दा अझ बढी जोखिम हुन्छ । एक्स-रेबाट निस्किने विकिरणले सिधै गर्भभित्रको भ्रूणलाई असर गर्नसक्छ भने हातखुट्टामा गर्दा कम असर पुऱ्याउँछ । **गर्भवती महिलाले कुन पोजिसनमा सुत्नु राम्रो ?**
बिरामीअनुसार एक्स-रेको डोज फरक-फरक हुन्छ । त्यसैले गर्भावस्थामा एक्स-रे गर्नैपर्ने अवस्थामा पेटमा लिड एप्रोन लगाएर एक्स-रे गर्न सकिन्छ । यसले गर्भको भ्रूणलाई एक्स-रेबाट निस्कने विकिरणबाट जोगाउँछ । त्यस्तै गर्भधारणको योजना बनाइरहेको अवस्थामा कहिलेकाहीं महिनावारी रोकिएको दुई-चार दिन मात्र भएको छ भने गर्भवती भए नभएको जाँच गरेर मात्र एक्स-रे गर्नुपर्छ । किनभने यसले गर्दा भ्रूणमा नकारात्मक असर हुनसक्छ ।

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निर्माण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
बिन्दवासिनी गाँउपालिकाको कार्यालय, बिन्दवासिनी, पर्सा

# गोलभैँडाले उचित मूल्य पाएपछि सर्लाहीका किसान उत्साहित



**जनकपुर, ३० पुस ।**
गोलभैँडाको बजार मूल्य राम्रो भएपछि यसपटक सर्लाहीका किसान निकै उत्साहित बनेका छन् । गोलभैँडाको सहरका रूपमा परिचय बनाएको यहाँको हरिवन, लालबन्दी, ईश्वरपुर, बागमतीलगायत स्थानका किसानलाई यतिबेला गोलभैँडा टिप्ने र बजार लैजाने चटारो छ । हरिवन नगरपालिका-१ भोक्टेनीका किसान रामबहादुर महतोले गोलभैँडाबाट यसपटक नसोचेको मूल्य पाएको बताए । उनको अनुहारमा यसपटक युद्ध जितेको सिपाहीको जस्तै सन्तुष्टि देखिएको छ । महतोले यस वर्ष तीन बिघा खेतमा गोलभैँडा रोपेका थिए । “१२ कट्ठाको गोलभैँडा सिजनको सुरु असोजबाटै निस्कन सुरु भयो”, उनले भने, “अहिलेसम्म पनि बेचिरहेको छु ।” यस वर्ष गोलभैँडा क्रेटको रु एक हजार ७०० देखि दुई हजार ७०० सम्ममा बेचेको उनले सुनाए । अहिलेसम्म १२ कट्ठा खेतबाट महतोले रु आठ लाख बढीको गोलभैँडा बिक्री गरिसकेका छन् । अझै एक डेढ लाखको बिक्री हुने उनको अनुमान छ । विगत २० वर्षदेखि गोलभैँडाखेती गर्दै आएका उनले गत वर्ष भने गोलभैँडामा लगानीसमेत डुबेको बताए । अरुको जग्गा भाडामा लिएर लगाएको पाँच बिघा गोलभैँडा टिप्ने पैसासमेत नआएपछि खेतमै ट्र्याक्टर लगाएको उनको भनाइ छ । यस वर्षजस्तो गोलभैँडाको भाउ उनलाई थाहा भएअनुसार कहिले पाएको थिएन । यस वर्ष गोलभैँडाले पाएको मूल्य ऐतिहासिक रहेको किसानको भनाइ छ । गत वर्ष गोलभैँडाखेतीबाट लागेको झण्डै रु १० लाख ऋण यस वर्षको आम्दानीले लगभग तिरेको उनले सुनाए । “धेरै ऋण तिरिसकेँ, अब थोरै बाँकी छ । अझै गोलभैँडा बेच्न बाँकी छ । यस वर्ष ऋण पूरै तिरिन्छ होला”, महतोले भने । गत वर्ष गोलभैँडाको मूल्य नपाएपछि खेतीबाट पछि हटेका धेरै किसान यतिबेला निकै पछुतो मानिरहेका छन् भने गत सिजनको घाटा बिर्सिएर गोलभैँडा रोप्ने अधिकांश किसान निकै खुसी छन् । गत वर्ष सुरुमा निकालेको बाहेक गोलभैँडाले मूल्य नपाउँदा धेरै किसानले गोलभैँडा खेतमै जोत्नुपरेको थियो । त्यही डरले यसपटक धेरै किसानले गोलभैँडा रोप्ने आँट गरेनन् । जसले गर्दा बजारमा गोलभैँडाको मागअनुसार उत्पादन नभएको स्थानीय व्यापारी विनोद खड्का बताउँछन् । उनका अनुसार यस वर्ष परेको बेमौसमी वर्षा र गत वर्ष मूल्यमा आएको गिरावटका कारण मूल्यवृद्धिमा सहयोग पुगेको हो । यस वर्ष गोलभैँडाले राम्रो मूल्य पाउनु दोस्रो कारण भारतीय गोलभैँडा नेपाली बजार भित्रिन नपाउनु पनि रहेको व्यवसायीको भनाइ छ ।

विगत वर्षहरूमा यसबेला नेपाली बजारमा भारतीय गोलभैँडा छ्यापछ्याप्ती हुने गरेको थियो । तर, यस वर्ष वर्षात्का कारण खेतीमै क्षति पुगेपछि उतै मागअनुसारको आपूर्ति छैन । त्यसले गर्दा भारतमै गोलभैँडा महँगो भएको व्यवसायी खड्काको भनाइ छ । यस घटनाले नेपालको उत्पादनले उपयुक्त मूल्य पाउन भारतीय उत्पादन खुला रूपमा नेपाल भित्रिने परिपाटी बन्द हुनुपर्ने स्पष्ट भएको धेरै किसानको धारणा छ । हरिवन नगरपालिका-२ का किसान गिरिराज खरेलका अनुसार विगतमा पनि गोलभैँडाको मूल्य सुरुमा राम्रो रहने गरेको थियो । सिजनको सुरुमा चार हजार क्रेटसम्म किसानले लिने गरेका उनको अनुभव छ । तर, हप्ता दिन नबित्दै चार सय क्रेटमा झर्ने गरेको थियो ।

यसपटक किसानले चार महिनासम्म एकैनासको मूल्यमा गोलभैँडा बेच्न पाएका छन् । अझै केही समय गोलभैँडाको मूल्य यस्तै रहने उनको अनुमान छ । आफूले विगत २९ वर्षदेखि गोलभैँडाखेती गर्दै आएको बताउने खरेलले यतिको राम्रो मूल्य अहिलेसम्म आफूलाई थाहा नभएको बताए । हरिवन नगरपालिका-१ का जितेन्द्र महतोले पनि गत वर्ष गोलभैँडा खेतीबाट ऋण बोक्नुपरेको थियो । तर यस वर्ष सबै ऋण तिर्ने उनको योजना छ । तीन बिघा खेतमा गोलभैँडा लगाएका उनले रु सात लाखबराबरको गोलभैँडा बजार पुर्‍याइसकेका छन् । गोलभैँडाको मूल्य स्थिर रहने मेसो पाएपछि उनले अन्य किसानको गोलभैँडा खेतसमेत हुण्डामा किनेर गोलभैँडा बजार पुर्‍याइरहेको बताए । जिल्लाको उत्तरी क्षेत्र सिँचाइको हिसाबले असुविधा भएका कारण यहाँका किसान तरकारीखेतीमा निर्भर छन् । हरिया तरकारी यहाँ धेरै मात्रामा उत्पादन हुने गरेको छभने यहाँ उत्पादित तरकारी हरेक दिन लालबन्दीस्थित कृषि थोक बजारमा सङ्कलन गरेर व्यापारीले देशका प्रमुख सहरसम्म पुर्‍याउने गरेका छन् ।

# बाराका किसान भन्छन- आलुको उचित मूल्य पाएनौं



**बारा,३० पुस ।**
बाराका किसान यतिबेला आलुले मूल्य नपाएकोमा चिन्तित छन् । व्यापारीहरू आलु खरिद गर्न बारीमै पुग्ने गरे पनि उचित मूल्य नपाएको किसानको गुनासो छ । कलैया उपमहानगरपालिका-१० मट्टीअर्वाका रोज मियाँ दर्जीले यस वर्ष २ बिघा १० कट्ठामा आलु खेती गरेका छन् । असोज दोस्रो साता लगाएको आलु उनले यसै साता भित्र्याएका हुन् । आलु खरिद गर्न व्यापारीहरू आफ्नो बारीमै आएको दर्जीले बताए । यद्यपि, बजार मूल्य र आफ्नो लागत अनुसार रकम पाउन नसकेको उनको गुनासो छ । व्यापारीहरूले किसानसँग प्रतिकिलो २० रुपैयाँको दरले आलु खरिद गरेका छन् । ‘९० हजार रुपैयाँको बिउ र ८० हजारको मलखाद लागेको छ । औषधि र जोताई खर्च पनि धेरै लागेको छ,’ दर्जीले भने, ‘नेपालमा मल पाइँदैन । डीएपी, युरिया, पोटासजस्ता रासायनिक मल भारतबाट ल्याउनुपर्छ ।’ भारतसँग सीमावर्ती क्षेत्र जोडिएको कलैयाको मट्टीअर्वा नाकाबाट ठुलो मात्रामा आलु नेपाल भित्रिने गरेको किसानहरूको भनाइ छ । ‘चोरी बाटो हुँदै भारतबाट ट्याक्टरमा सस्तो आलु नेपाल आउँदा हाम्रो आलुले मूल्य पाएन,’ दर्जीले भने । उपभोक्ताले ५० देखि ६० रुपैयाँ प्रतिकिलोका दरले आलु खरिद गर्नुपरेको तर व्यापारीले किसानसँग २० रुपैयाँ प्रतिकिलोको दरले आलु खरिद गर्ने गरेको स्थानीय कृषक बताउँछन् । आफूले आलु रोप्नेबेला ४० रुपैयाँ प्रतिकिलोमा बिउ खरिद गरेको तर, यति मेहनत गरी भित्र्याउँदा २० रुपैयाँ प्रतिकिलोभन्दा मूल्य नपाएको उनीहरूको गुनासो छ । व्यावसायिक रूपमा वर्षौंदेखि आलुखेती गर्दै आएका किसान आलुको उत्पादकत्वसमेत पहिलाजस्तो नरहेको बताउँछन् । केही वर्ष अघिसम्म प्रतिकट्ठा १० क्विन्टलसम्म आलु फल्ने खेतमा अहिले ५ देखि ६ क्विन्टलमात्रै फल्न थालेको किसानको भनाइ छ । यस वर्ष बेमौसमी वर्षाले समेत आलु बालीमा क्षति पुगेको किसानहरूको गुनासो छ । मट्टीअर्वाका अर्का किसान अनोहर मियाँले यस वर्ष १२ कट्ठामा आलु खेती गरेका छन् । मलखाद, खनजोत, गोडमेल लगायतमा धेरै खर्च लाग्ने बताउँदै उनले चोरी तस्करी गरी भारतबाट ल्याउने आलुका कारण नेपाली किसान मर्कामा परेको बताए । बाराका किसानहरूले उत्पादन गरेको आलु व्यापारीहरूले वीरगञ्ज, नारायणगढ, जनकपुर, काठमाडौँ लगायतका बजारमा पुऱ्याउने गर्दछन् । पचरौता नगरपालिका-३, रामनगरका आलु व्यवसायी राजेशलाल सहनी बाराको ग्रामीण भेगमा किसानहरूले उत्पादन गरेको आलु खेतसम्मै पुगेर उठाउने गरेको बताउँछन् । ‘हामी साना व्यापारीलाई पनि धेरै दुःख छ,’ उनले भने, ‘आलु बोकेको गाडी ठाउँठाउँमा रोक्न लगाएर प्रहरीले धेरै दुःख दिन्छ ।’ बारामा पचरौता, सुवर्ण गाउँपालिका, कलैया उपमहानगरका ग्रामीण भेगमा राम्रो आलु उत्पादन हुने व्यापारीहरूको भनाइ छ । जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले बाराको खुला सीमावर्ती क्षेत्रबाट आलु आयात भइरहेको विषयमा कुनै सूचना नआएको बताए ।

# महतो नेतृत्वको सदभावना र गद्दी नेतृत्वको जन अधिकार पार्टीसंग साहको आजपाद्धारा पार्टी एकीकरणको घोषणा

**रौतहट,३० पुस ।**
आम जनता पार्टी (आजपा)ले मंगलबार एकैदिन दुई पार्टीसंग एकीकरण गरेको छ । रामकुमार महतो नेतृत्वको नेपाल सदभावना पार्टी (नेसपा) र ईमदाद गद्दी नेतृत्वको जन अधिकार पार्टी नेपालसंग पार्टी एकता गर्दै अन्य विभिन्न पार्टीका सयौं नेतालाई आजपाले पार्टी प्रवेश गराएको छ । धनुषाको महेन्द्रनगरमा आजपा आजपाले धनुषा क्षेत्र नं. ४ को विशेष क्षेत्रिय भेला गरेको थियो । ‘भ्रष्टाचारीलाई खबरदारी तथा लघुबित्त पीड़ितलाई न्याय दिलाउने’ संकल्प धनुषाको महेन्द्रनगर आयोजित क्षेत्रिय भेलासम्पन्न गर्दै आजपाले महतो नेतृत्वको नेपाल सदभावना पार्टीसंग पार्टी एकीकरणको घोषणा गरिएको छ । सोही भेलामार्फत धनुषा मिथिला नगरपालिका निवासी रामजिवन महतोले पनि आजपामा प्रवेश गरेका छन् । महतो पर्यावरण शहिद स्वर्गीय दिलिप महतोका वुवा हुन् । सोही कार्यक्रमका बीच विभिन्न पार्टीमा आबद्ध सयौं नेता, युवा, समाजसेवीहरुले समेत आजपामा प्रवेश गरेका छन् । धनुषाका बिभिन्न पालिकाका निर्वाचित वडा अध्यक्षहरु समेत आजपामा प्रवेश गरेको आजपा प्रवक्ता चन्द्रभुषण साहले जनाएका छन् । नेसपासंग पार्टी एकता गर्नुभन्दा अघि मंगलबार बिहान वीरगंजमा आजपाले ईमदाद गद्दी नेतृत्वको जन अधिकार पार्टी नेपालसंग पार्टी एकीकरण गरेको छ । पार्टी एकतासंगै नेपाल सदभावना पार्टी र जन अधिकार पार्टीको सिंगो कमिटी आजपामा समाहित हुदै आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा ‘मोवाइल’ चुनाव चिन्हबाट प्रतिस्पर्धामा उत्रिने सहमती भएको छ । आजपा अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले दुवै पार्टीसंग एकीकरण गर्दै पार्टीमा प्रवेश गर्नेहरु स्वागत गर्दै उज्जवल राजनीतिक भविष्यका लागि शुभकामना दिएका छन् । आजपामा पार्टी प्रवेश गर्ने एवं पार्टी एकीकरण गर्दै संयुक्तरुपमा अगाडी बढने सहमतीले पार्टी थप बलियो बन्दै गइरहेको साहले जनाएका छन् । पार्टी एकतासंगै पार्टीमा प्रवेश गर्ने नवप्रवेशीलाई उचित जिम्मेवारी दिदै मुलुक र जनताको हितमा शसक्त काम गर्दै अगाडी बढने उनले बताए । यसअघि आजपाले जनादेश पार्टी, लघुवित पीडित संघर्ष समिति, सहकारी पीडितका लागि संघर्ष गर्दै आएको समिति लगायतसंग चुनावी सहमती एवं गठबन्धन गरेको छ । पछिल्लो समय विभिन्न पार्टीले आजपासंग पार्टी एकताका साथै विभिन्न पार्टीका नेता, समाजसेवी, युवा, विद्यार्थी लगायत व्यक्तिहरु प्रवेश गर्ने लहर चलेको छ ।

# भारतले निर्वाचनका लागि नेपाललाई ५३८ सवारी साधन उपलब्ध गराउने




**बीरगन्ज,३० पुस ।**
भारत सरकारले आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि नेपाललाई ५३८ वटा सवारी साधन उपलब्ध गराउने भएको छ । निर्वाचन आयोगका अनुसार तीमध्ये ३०० वटा सवारी साधन नेपाल प्रहरीलाई प्रदान गरिनेछ भने बाँकी २३८ वटा विभिन्न सरकारी निकायमार्फत निर्वाचन व्यवस्थापनमा प्रयोग गरिने तयारी गरिएको छ । निर्वाचन आयोग स्रोतका अनुसार भारतीय पक्षले यसै सातादेखि सवारी साधन नेपाल पठाउन सुरु गर्ने जानकारी दिएको छ । आयोग स्रोतले जनाएको छ, “माघको दोस्रो साता अर्थात् जनवरीको अन्त्यसम्म सबै सवारी साधन नेपाल आइपुग्ने बताइएको छ । निर्वाचनको सुरक्षा, अनुगमन र व्यवस्थापनका लागि सवारी साधन अत्यन्तै महत्वपूर्ण हुन्छन् ।”

भारतले सहयोगस्वरूप उपलब्ध गराउने सवारी साधनमध्ये करिब १०० वटा विशेष प्रकृतिका हुने जनाइएको छ । यसअघि २०७९ सालमा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनका क्रममा पनि भारतले निर्वाचन आयोगलाई ८० वटा सवारी साधन सहयोग गरेको थियो ।

निर्वाचन सहयोगका सन्दर्भमा युरोपेली मुलुकहरूले संयुक्त राष्ट्रसंघीय निकायमार्फत सहयोग गर्ने जानकारी दिएका छन् । त्यस्तै, जापान सरकारले सिधै आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेको छ ।

अर्थ मन्त्रालय निकट स्रोतका अनुसार जापानले ‘निर्वाचन’ शीर्षक उल्लेख नगरी अन्य सहयोग शीर्षक परिवर्तन गरेर निर्वाचन प्रक्रियामा आर्थिक सहयोग गर्न लागेको हो । यसैबीच, निर्वाचनका लागि अर्थ मन्त्रालयले चीन सरकारलाई समेत सहयोगको अनुरोध गर्दै औपचारिक पत्राचार गरे पनि हालसम्म चीनको तर्फबाट कुनै जवाफ प्राप्त नभएको स्रोतले जनाएको छ ।

# सुरक्षा चुनौती छ तर निर्वाचन सफल बनाउनुपर्छः मुख्यमन्त्री यादव



**बीरगन्ज,३० पुस ।**
मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले सुरक्षा चुनौतीका बिच आगामी निर्वाचनलाई सफल बनाउनुपर्ने बताएका छन् । बुधवार मधेस प्रदेशको राजधानी जनकपुरमा आयोजित प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा उनले यस्तो बताएका हुन् । उनले जेनजी

बाँकी तेश्रो पृष्ठमा⇨

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा